# बालसंरक्षण अनुदान कार्यविधि - २०६६

१) **परिचय** :- नेपाल सरकारले आ.व. ०६६/०६७ को बजेट बक्तव्य मार्फत विपन्न तथा अत्यन्त पिछडिएका परिवारमा शिशु स्याहारको अवस्थामा सुधार ल्याउन आ.व. ०६६/६७ को कार्तिकदेखि प्रत्येक विपन्न दलित परिवार र कर्णाली अञ्चलमा सबै परिवारका ५ वर्ष मुनिका दुई जनासम्म बालबालिकाको पोषणमा खर्च गर्ने गरी आमा वा आमा नभएमा संरक्षकलाई प्रति बालबालिका मासिक रु. २००।- का दरले बाल संरक्षण अनुदान दिने घोषणा भए अनुरुप नेपाल सरकारले यो कार्यविधि तर्जुमा गरी जारी गरेको छ।

२) **संक्षिप्त नाम र प्रारम्भ** (क) यो कार्यविधिको नाम " **बाल संरक्षण अनुदान कार्यविधि - २०६६** " रहनेछ।
(ख) यो कार्यविधि - नेपाल सरकारबाट स्वीकृत हुना साथ लागु हुनेछ।

३) **परिभाषा** - विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :-

(क) " **मन्त्रालय** " भन्नाले स्थानीय विकास मन्त्रालयलाई संझनु पर्नेछ।

(ख) "**स्थानीय निकाय**" भन्नाले जिल्ला विकास समिति/नगरपालिका/गाउँ विकास समितिलाई सम्झनु पर्नेछ।

(ग) **"नगरपालिका** " भन्नाले महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका सम्झनुपर्नेछ।

(घ) **"लक्षित समूह** "भन्नाले कार्यविधिको बुंदा ७ को खण्ड (अ) र (आ) बमोजिम छनौट भएका बालबालिकालाई सम्झनुपर्नेछ।

(ङ) **"परिवार**" भन्नाले पारिवारीक इकाईलाई जनाउँछ /संयुक्त परिवार भित्र पनि १ भन्दा बढी परिवार हुन सक्छन्।

४) **उद्धेश्य** - यो कार्यविधिका उद्धेश्यहरु देहाय बमोजिम रहेका छन :-

(क) लक्षित समूहको बालबालिकाको पोषणमा सुधार ल्याउने।

(ख) लक्षित समूहका बालबालिकाको सामाजिक संरक्षणमा जोड दिने।

(ग) लक्षित समूह परिभाषित, पहिचान र सुनिश्चित गर्ने

(घ) अनुदानको सरल वितरण गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने।

(ङ) अभिलेख तथा सूचना प्रणाली व्यवस्थापन तथा अध्यावधिक गर्ने।

(च) कार्यक्रम संचालनमा पारदर्शिता कायम गर्ने।

(छ) अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने।

(ज) अनुदान वितरणमा विभिन्न निकायको भूमिका स्पष्ट गरी अनुदान प्रशासनलाई सबल बनाउने।

(झ) लक्षित समूहको बालबालिकाको पोषणमा सुधार ल्याउने।

५) **लक्षित समूह**- यस कार्यविधि अन्तर्गत अनुदान पाउने लक्षित समूह देहाय बमोजिम हुनेछन् :-

(क) नेपाल भरका विपन्न दलित परिवारका ५ वर्ष मुनीका प्रत्येक परिवारका बढीमा दुई जना बालबालिका।

(ख) कर्णाली अञ्चलका सबै परिवारका ५ वर्ष मुनीका प्रत्येक परिवारका बढीमा २ जना बालबालिका।

(ग) विशेष परिस्थितिमा एक संरक्षकत्वमा रहेका ५ वर्ष मुनीका बढीमा २ ( दुई) जना बालबालिका

(घ) संयूक्त परिवारमा रहेका प्रत्येक पति पत्नीका ५ वर्ष मुनीका २ जना बालबालिका ।

(ङ) एक बाबुको १ भन्दा बढी पत्नीहरुबाट जन्मेका बालबालिकाको हकमा छुट्टै वा संयूक्त रुपमा बसेका भएपनि प्रत्येक आमाको आधारमा ५ वर्ष मुनीका २ जना बालबालिका ।

६) **सिमा** - यो कार्यविधि आ.व. ०६६/६७ को बजेट वक्तव्य को बुंदा नं. ६० कार्यन्वयन गर्ने सिलसिलामा तयार गरिएको छ ।

- यो कार्यविधि नेपाल सरकारको घोषीत निति अनुसार बालसंरक्षण अनुदान वितरणको लागि चालू आ.व. ०६६/६७ को लागि लागू हुनेछ ।
- नेपाल सरकारले आगामी वर्षहरुमा समेत बालसंरक्षण अनुदान कार्यक्रमलाई निरन्तरता दिएमा आगामी वर्षहरुमा समेत यो कार्यविधि लागू हुनेछ ।

७) **लक्षित समूहको छनौटका आधारहरु** :- प्रत्येक विपन्न दलित परिवार र कर्णाली अंचलका सबै परिवारका ५ वर्ष मुनीका बच्चाहरु छनौट गर्दा देहायको प्रक्रिया अपनाउनु पर्नेछ ।

(अ) **कर्णाली अञ्चल** - कर्णाली अञ्चलका सबै परिवारर्का ५ वर्ष मुनिका बालबालिकाको तथ्यांक तयार गर्ने । यस्तो तथ्याङ्क लिंदा पारिवारिक लगत पनि तयार गर्नु पर्नेछ । पारिवारिक लगत **अनुसूची १** बमोजिम तयार गरिनेछ ।

- प्रत्येक गा.वि.स.ले/नगरपालिकाका वडाहरुले आफै वा कुनै सेवा प्रदाय संस्था/सामुदायिक संस्था/आमा समूह/व्यक्तिबाट गा.वि.स./नगरका वडा पिच्छेका ५ वर्ष मुनीका बालबालिकाको तथ्यांक संकलन गर्ने ।
- तथ्यांक संकलन गर्दा गा.वि.स./न.पा.ले जिल्ला बालकल्याण समिति संग आवश्यक सहयोग लिनु परेमा जिल्ला बाल कल्याण समितिले आवश्यक सहयोग उपलव्ध गराउने ।
- तथ्यांक संकलन भइसकेपछि गा.वि.स.ले गाउँ स्तरीय राजनैतिक संयन्त्रको निर्णयमा र नपा वडाले वडा स्तरीय निर्णयमा बालबालिकाको छनौट गर्ने । यसरी छनौट भएको अन्तिम सूची सार्वजनिक गर्नुपर्नेछ ।
- बालबालिकाको तथ्यांक लिई सकेपछि जन्म दर्ताको आधारमा एउटा परिवारबाट बढीमा दुई जना सम्म पाँच वर्ष मुनीका बालबालिकाको छनौट गर्ने ।
- यसरी छनौट गर्दा प्रत्येक परिवारबाट भए सम्म एकजना बालिकाको नाम अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ ।
- जन्मदर्ता र विद्यालयका प्रामाणिक अभिलेख नभएको अवस्थामा पूर्व प्राथमिक/प्राथमिक विद्यालयको प्रमाणित जन्ममितिका आधारमा बालबालिकाको छनौट गर्ने ।
- जन्मदर्ता नभएको अवस्थामा स्वास्थ्य संस्थामा जन्म भएका बालबालिकाको लागि जन्ममिति गणना गर्दा अस्पतालले दिएको कागजपत्रलाई प्रमाण मान्ने ।
- उपरोक्त बमोजिम प्रमाण नभएका अवस्थामा नपा/गा.वि.स.ले जन्म दर्ता को प्रक्रिया पूरा गरी प्रमाणपत्र दिने ।

(आ) **विपन्न दलित परिवार**

नगर/गाउँ स्तरीय विपन्न दलित बालबालिकाको छनौट गर्दा देहायका आधारहरु अवलम्बन गर्ने -

- स्थायी वसोवासका लागि आफनो स्वामित्वमा वा अंशको हक लाग्ने आफनो परिवारमा समेत घर जग्गा नभएका विपन्न दलितहरु ।

- पहाडमा २ रोपनी र तराईमा १कठ्ठा सम्म जग्गा भएका दलित परिवार ।
- आफनो खेत वारीबाट वर्षमा ३ महिना भन्दा कम समय खान पुग्ने दलित परिवार

**कर्णाली अञ्चल वाहेकका विपन्न दलितका बालबालिकाको पहिचानका लागि देहाय बमोजिम गर्नेः-**

- प्रत्येक गा.वि.स.ले/नगरपालिकाका वडाहरुले आफै वा कुनै सेवा प्रदाय संस्था/सामुदायिक संस्था/आमा समूह/व्यक्तिबाट गा.वि.स./नगरका वडा पिच्छेका बालबालिकाको तथ्यांक संकलन गर्ने।
- तथ्यांक संकलन गर्दा गा.वि.स./न.पा.ले जिल्ला बालकल्याण समितिसंग आवश्यक सहयोग लिनु परेमा जिल्ला बाल कल्याण समितिले आवश्यक सहयोग उपलव्ध गराउने ।
- तथ्यांक संकलन भइसकेपछि गा.वि.स.ले गाउँ स्तरीय राजनैतिक संयन्त्रको निर्णयमा र नपा वडाले वडास्तरिय निर्णयमा बालबालिकाको छनौट गर्ने यसरी छनौट भएका बालबालिकाको सूची सार्वजनिक गर्नुपर्नेछ ।
- सम्बन्धित परिवारमा उपलव्ध भएसम्म सो समूहका बालबालिका मध्ये एकजना बालिकाको नाम अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।
- अन्य कुराको हकमा माथि खण्ड (अ) मा उल्लेख भए बमोजिम गर्नु पर्नेछ ।
- तथ्यांङ्क संकलन गर्दा अनुसूची १ बमोजिमको पारिवारिक लगत तयार गर्नु पर्नेछ ।
- गाउँ विकास समितिबाट छनौट भएका बालबालिकाको विवरण प्रत्येक गाविसले जिल्ला विकास समितिमा पठाउनु पर्नेछ ।
- नगरपालिकाको प्रत्येक वडाबाट छनौठ भएको बालबालिकाको विवरण वडा कार्यालयले नगरपालीकामा पठाउनु पर्नेछ । यसरी विवरण प्राप्त भएपछि नगरपालिकाले राजनैतिक संयन्त्रमा राखी नामावली अनुमोदन गराउनु पर्नेछ ।

विपन्न दलित परिवारको छनौट **अनुसूची २** मा दिइएको सुचिकृत जातीय सूचीमा परेका मध्येबाट गर्नु पर्नेछ ।

गाउँ विकास समिति र नगरपालिकाका वडाले अनुसूची १ र अनुसूची २ का आधारमा अनुसूची ३ बमोजिमको विवरण तयार गर्नु पर्नेछ ।

**८. नगर / गा.वि.स.बाट कर्णाली अंचल र विपन्न दलित परिवारका बच्चाहरुको पहिचान भइ सकेपछि ती निकायहरुले सो नामावली जिल्ला विकास समितिमा पठाउनु पर्नेछ । गाउ विकास समिति र नगरपालिकाले बालबालिकाको विवरण पठाउदा अनुसूची ४ बमोजिम पठाउनु पर्नेछ ।**

यसरी प्राप्त हुन आएको नामावली उपर जिविसले देहाय बमोजिम गर्नु पर्ने छ :-

- नामावली राजनैतिक संयन्त्रमा राखी अनुमोदन गराउनु पर्नेछ ।
- नामावलीको अन्तिम सूची सार्वजनिक गर्न सूचना पाटीमा टाँस गर्ने ।
- बालबालिकाको लागि रकम व्यवस्था गर्न अन्तिम नामावलीको संख्या छिटो साधन द्वारा स्थानीय विकास मन्त्रालय जनसंख्या तथा पंजीकरण व्यवस्थापन शाखामा पठाउने ।
- तत्त पश्चात प्रत्येक जिल्ला विकास समितिले **अनुसूची ५** बमोजिमको विवरण स्थानीय विकास मन्त्रालयमा पठाउनु पर्नेछ ।

९. **आगामी वर्षहरुका लागि बाल संरक्षण अनुदान सम्बन्धी व्यवस्था :-**

नेपाल सरकारले आगामी वर्षहरुमा यस कार्यक्रमलाई निरन्तरता दिएमा बाल संरक्षण अनुदानका लागि लक्षित बालबालिका पहिचान देहाय बमोजिम गरिनेछ ।

९.१ - आ.व.०६६/६७ मा बालसंरक्षण अनुदानको लागि, लिइएको तथ्याङ्कलाई आधारको रुपमा लिई अनुदान पाइरहेका बच्चाहरुलाई उनीहरुको उमेर ५ वर्ष नपुगे सम्म अनुदानमा निरन्तरता दिने, अनुदान रकम पाइरहेका बालबालिकाहरु मध्ये ५ वर्ष उमेर पुगेका बालबालिकाहरुलाई अनुदान प्राप्त गर्ने सूचीबाट नामावली हटाउने ।

९.२ - ५ वर्ष उमेर पुगेका र अनुदान नपाउने बालबालिकको नामनामेसी सूचीबाट हटाइएपछि सोही परिवारमा ५ वर्ष मुनीको आधार वर्षको तथ्यांक संकलनमा अर्को बालबालिकाको नाम परेको भए निजको नाम समावेश गर्ने ।

९.३ - आधार वर्षको तथ्याङ्क पछि जन्म भएका बालबालिकाहरु बालसंरक्षण अनुदान पाउन योग्य भएमा गा.वि.स.तथा नपाले जन्मदर्ताको आधारमा प्रत्येक वर्षको फाल्गुण महिनाको पहिलो हप्ता भित्र सो को विवरण जिल्ला विकास समितिमा पठाउनु पर्नेछ ।

९.४ - बालबालिका सरक्षण अनुदान प्राप्त गर्ने बालबालिकाको नाम नामेसी थपघट हुंदा कार्यविधिका अनुसूचीहरु पनि गा.वि.स. र न.पा.ले सोही बमोजिम अद्यावधिक गर्नु पर्नेछ ।

९.५ - बालबालिकाको पहिचान र छनौट यसै कार्यविधिको खण्ड ७ को (अ) (आ) बमोजिम गर्नुपर्नेछ ।

९.६ - गा.वि.स. र न.पा.बाट आगामी सालको लागि बालसंरक्षण अनुदान पाउने बालबालिकाको विवरण प्रत्येक जि.वि.स.ले हरेक वर्षको चैत्र १० गते भित्र स्थानीय विकास मन्त्रालय, जनसंख्या तथा पञ्जिकरण व्यवस्थापन शाखामा पठाउनु पर्नेछ ।

१०. **बजेट निकाशा र खर्च व्यवस्था**

१०.१ **बजेट निकाशा र खर्च प्रक्रियाः-**

(क) जिल्ला विकास समितिबाट अनुसूची ५ बमोजिम बालबालिको संख्या प्राप्त भएपछि स्थानीय विकास मन्त्रालयले आवश्यक जाचँबुझ गरी बजेट अख्तियारी पठाउने छ ।

(ख) जि.वि.स.ले मन्त्रालयबाट बजेट अख्तियारी प्राप्त भएपछि स्थानीय कोष तथा लेखा नियन्त्रक कार्यालयमा निकासा माग गरि गा.वि.स./ न.पा.लाई सामाजिक सुरक्षा कार्यक्रम सरह चौमासिक रुपमा बजेट उपलव्ध गराउनु पर्नेछ ।

(ग) जि.वि.स.बाट रकम प्राप्त भएपछि गा.वि.स./न.पा.ले अनुसूची ५ मा उल्लेख भएका संख्या भित्र रही अनुसुची ४ बमोजिमका बालबालिकाहरुका आमा वा संरक्षकलाई चौमासिक रुपमा अनुदान वितरण गरि जि.वि.स.मा भरपाई उपलव्ध गराउनु पर्नेछ ।

(घ) आर्थिक वर्षको अन्तमा आषाढ २० गते भित्रै अनुदान वितरण गरि सो को भरपाई (अनुसूची ६ ) र खर्च नभई रहेको बाँकी रकम समेत जि.वि.स.मा फिर्ता पठाउनु पर्नेछ ।

(ङ) जि.वि.स.ले गा.वि.स./न.पा.बाट प्राप्त रकम र आफू संग बाकी रहेको भए सो समेत गरी आषाढ २४ गते भित्र कोलेनिकामा फिर्ता पठाई सर्व संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

(च) यो अनुदानको रकम आषाढ मसान्त पछि फ्रिज हुने हुंदा गा.वि.स.कोष वा जि.वि.स.कोषमा दाखिला गर्न पाइने छैन ।

१०.२ **लेखापरीक्षण** :-

(क) यस अनुदानबाट प्राप्त रकमको लेखापरीक्षण आर्थिक प्रशासन नियमावली २०६४ अनुसार आन्तरिक लेखापरिक्षण जि.वि.स.बाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(ख) लेखापरीक्षण गराउने जिम्मेवारी जि.वि.स.को हुनेछ ।

११. **अन्य व्यवस्था** :- बाल संरक्षण अनुदानको कार्यान्वयनका लागि प्रत्येक गाउँ विकास समितिलाई संचालन खर्च वापत रु. ५,०००।- का दरले उपलब्ध गराइनेछ ।

१२. **प्रतिवेदन** :- बाल संरक्षण अनुदान अन्तर्गत वितरण गरिएको रकम / क्रियाकलापको प्रतिवेदन देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) नगरपालिका /गाविसले चौमासिक र वार्षिक रुपमा प्रगति प्रतिवेदन जिल्ला विकास समितिमा पठाउनु पर्नेछ । प्रगति विवरण अनुसूची ७ मा उल्लेख भए बमोजिम हुनेछ ।

(ख) नगरपालिका तथा गाउँ विकास समितिबाट प्राप्त विवरणका आधारमा चौमासिक, वार्षिक रुपमा जिविसले स्थानीय विकास मन्त्रालयमा प्रगति पठाउनु पर्नेछ । यसरी प्रगति विववरण पठाउदा अनुसूची ८ बमोजिम गर्नु पर्नेछ ।

१३. **अनुगमन/मूल्याङ्कन र प्रगति समीक्षा**

(१)निर्वाचित पदाधिकारीको व्यवस्था नभएसम्मका लागि नगरपालिका/गाउँ विकास समितिले सुपरीवेक्षण तथा अनुगमन गर्नको लागि देहाय बमोजिमको एक सुपरिवेक्षण तथा अनुगमन समिति गठन गर्न सक्नेछ ।

(क) नपा/गाउँ विकास समितिको प्रमुख/ अध्यक्ष - संयोजक

(ख) नपा/गाउँ विकास समतिको सर्वदलीय संयन्त्रमा भाग लिने राजनैतिक दलका प्रतिनिधिहरु - सदस्य

(ग) नपा/गाउँ विकास समितिले तोकेको महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट प्रतिनिधि एक - सदस्य

(घ) नपा/गाउँ विकास समितिले तोकेको अपाङ्ग प्रतिनिधि एक - सदस्य

(ङ) गाउँ विकास समितिमा उपलब्ध नपा/गा.वि.स. ले तोकेको संचार क्षेत्रका प्रतिनिधि एक- सदस्य

.(च) नपा/गाविसले तोकेको आमासमूह मध्येबाट एकजना प्रतिनिधि - सदस्य

(छ) नपा/ गाउँ विकास समितिको सचिब वा निजले तोकेको कर्मचारी एक - सदस्य सचिब

(२) **बाल संरक्षण अनुदानका सम्बन्धमा नगरपालिका/ गाउँ विकास अनुगमन समितिको काम, कर्तव्य र अधिकार :**

(क) अनुदान वितरण कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्ने ।

(ख) अनुदान वितरणलाई सहजिकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने ।

(ग) बाल संरक्षण अनुदान कार्यतालिका र लक्ष्य अनुसार काम नभएकोमा सम्बन्धित पक्षलाई सचेत गराउने ।

(घ) समितिले अनुगमनबाट देखिएका विषयमा आवश्यक लेखाजोखा गरी आफनो सुझाव सहितको प्रतिवेदन प्रत्येक चौमासिक रुपमा नगरपालिका /गाउँ विकास समिति समक्ष पेश गर्नुपर्नेछ ।

(ङ) अनुगमन समितिको कार्यविधि नगरपालिका/गाउँ विकास समितिबाट तोकिए बमोजिम हुनेछ ।

(३) अनुगमन सम्बन्धी अन्य व्यवस्था :-

(क) माथि बुँदा (१) र (२) मा लेखिएका कुराहरुको अतिरिक्त नगरपालिका/गाउँ विकास समितिले अन्य कार्यक्रम सगं समन्वय गरी यो कार्यक्रमको समेत अनुगमन कार्ययोजना / कार्यतालिका बनाई सोको आधारमा नियमित रुपमा सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन एवं समीक्षा गर्नुपर्नेछ ।

(ख) अनुगमन समितिबाट प्राप्त प्रतिवेदनमाथि नगरपालिका र गाउँ विकास समितिको बैठकमा छलफल गर्नुपर्नेछ ।

(४) नगरपालिका/गाउँ विकास समितिबाट यस कार्यक्रमको चौमासिक र वार्षिक रुपमा प्रगति समीक्षा गर्नुपर्नेछ ।

(५) नगरपालिका/गाउँ विकास समितिबाट संचालित यस कार्यक्रमको वार्षिक अनुगमन, प्रगति प्रतिवेदन र त्यसको समीक्षा सहितको विवरण नगरपरिषद/गाउँ परिषदमा छलफल गराई आवश्यक सुधार गर्नुपर्नेछ यस्तो निर्णयको एकप्रति जिल्ला विकास समितिमा पठाउनुपर्नेछ ।

(६) बाल संरक्षण अनुदान सम्बन्धमा स्थानीय अभिभावकहरुबाट परेका गुनासा तथा उजुरीहरु छानविन गरी कारवाहीको लागि सिफारिस गर्ने ।

(७) बालसंरक्षण अनुदानको उपयोगिताका सम्बन्धमा सो रकम पोषणमा खर्च भए नभएको अनुगमन गर्ने ।

(८) अनुदान रकम बालबालिकाको पोषणमा खर्च गर्न उत्प्रेरित गर्ने ।

१४. **विभिन्न निकायहरुको भूमिका :**

**१४.१ अर्थ मन्त्रालय**

- बाल संरक्षण अनुदानको लागि पुग्ने बजेट व्यवस्था गर्ने ।
- अनुदान रकम नपुग भएमा थप रकम निकासा दिने ।

**१४.२ राष्ट्रिय योजना आयोग**

- समान प्रकृतिका कार्यहरु अन्य मन्त्रालय/विभाग निकायबाट भइरहेकोमा आवश्यक समन्वय र सहजीकरण गर्ने

**१४.३ स्थानीय विकास मन्त्रालय**

- बालसंरक्षण अनुदानको कार्यान्वयनका लागि कार्यविधि तयारी र अद्यावधिक गर्ने ।
- बालसंरक्षण अनुदानको बजेट तर्जुमा गर्ने, निकासा माग गर्ने र अख्तियारी सहित जिविसमा रकम निकासा पठाउने ।
- जिविस/नपा/गाविसलाई आवश्यक सहयोग र समन्वय गर्ने ।
- जिविसबाट यस सम्बन्धमा प्रतिवेदन प्राप्त गर्ने र आवश्यक निर्देशन दिने ।
- सो कार्यक्रमको सम्बन्धमा सुपरीवक्षण तथा अनुगमन गर्ने ।

**१४.४ जिल्ला प्रशासन कार्यालय**

- बालबालिकाको आवश्यक तथ्यांक लिने कार्यमा सहयोग पुरयाउने ।
- बालसंरक्षण अनुदान वितरणमा आवश्यक समन्वयको व्यवस्था मिलाउने ।
- अनुदान वितरण र उपयोगमा हिनामिना भएको उजुरी प्राप्त भएमा आवश्यक कार्यवाही गर्ने ।

**१४.५ जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय**

- जिल्ला भित्र रहेका स्वास्थ्य संस्थामा जन्म भएका बालबालिकाको विवरण मासिक रुपमा जि.वि.स.मा पठाई सहयोग गर्ने ।
- बाल संरक्षण अनुदान कार्यान्वयनमा स्थानीय निकायबाट सहयोग माग भई आएमा स्वास्थ्य संस्थाहरुले सहयोग उपलब्ध गराउनु पर्नेछ ।

**१४.६ जिल्ला विकास समिति**

- बालबालिकाको तथ्याङ्क संकलनमा सहयोग तथा समन्वय गर्ने ।
- गाविस/नपाबाट प्राप्त विवरणलाई अन्तिम रुप दिई आवश्यक रकम माग गरी मन्त्रालयमा पठाउने ।
- नपा/गाविसमा रकम पठाउन आवश्यक व्यवस्था गर्ने ।
- संरक्षण अनुदानको उपयोगिता तथा प्रभावकारीताको सम्बन्धमा सुपरीवेक्षण तथा अनुगमन गर्ने । जि.वि.स.मा प्रचलित कानून, निर्देशिका, कार्याविधिबाट गठन भएको अनुगमन तथा सुपरिवेक्षण समितिले अन्य कार्यक्रम संग समायोजन गरी यस कार्यक्रमको पनि अनुगमन सुपरिवेक्षण गर्नु पर्नेछ ।
- नपा/गाविसलाई आवश्यक निर्देशन दिने ।
- यस कार्यविधिमा तोकिएका अन्य कार्यहरु गर्ने ।

**१४.७ नपा/गाविस**

- तथ्याङ्क विवरण संकलन गर्ने ।
- विवरण संकलन गर्दा उपयूक्त लागेमा स्थानीय क्लब, स्थानीय गैर सरकारी संस्था, आमा समूह, सामुदायिक संस्थालाई परिचालन गर्ने ।
- लक्षित समूहलाई नियमानुसार रकम निकासा लिई चौमासिक रुपमा भत्ता वितरण गर्ने ।
- प्रगति प्रतिवेदन नियमित रुपमा जिविसमा पठाउने
- कार्यक्रमको निरन्तरता हुदै जाँदा ५ वर्ष उमेर बढी हुदाका अवस्थाका बालबालिकाको नाम कट्टा गरी परिवारको कोटा भित्रका अर्को बालबालिकालाई समावेश गर्ने ।
- जन्म मृत्यू तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन, नियमले तोकेको म्याद भित्र (जन्मेको ३५ दिन) बालबालिकाको जन्मदर्ता गराउन गाविस/नपाले सक्रीय भूमिका निर्वाह गर्ने ।
- यस कार्यविधिमा तोकिएका अन्य कार्यहरु गर्ने

१५. **वितरण गर्ने समय** : बाल संरक्षण अनुदानको वितरण चालु आ.व. ०६६/६७ हकमा गा.वि.स./न.पा.ले अनुसूची ९ मा उल्लेख भए बमोजिम गर्नु पर्नेछ ।

१६. **विविध** :

चालु आ.व.२०६६/६७ मा बालसंरक्षण अनुदान कार्यविधि अनुसार लक्षित समूहको पहिचान ,अनुदान विवरण, सो को कार्यान्वयन, लेखापरीक्षण र प्रतिवेदन तयार गर्दा देखा परेका समस्याहरुको लिखित रुपमा स्थानीय निकायले स्थानीय विकास मन्त्रालय जनसंख्या तथा पंजीकरण व्यवस्थापन शाखा मा पठाउनु पर्नेछ ।

१७.**बाधा अड्काउ फुकाउने** :- यस नियमावलीको कार्यान्वयन गर्दा देखिएका बाधा अड्काउ फुकाउने अधिकार स्थानीय विकास मन्त्रालयमा रहनेछ ।

**अनुसूची- १**

**बालसंरक्षण अनुदान पाउने लक्षित बालबालिकाको विवरण**

**( न.पा./गा.वि.स.ले तयार गर्नु पर्ने पारिवारिक लगत )**

गा.वि.स./न.पा. जिल्ला:

| **क.सं.** | **मूली सहित परिवारका सदस्यहरुको नाम,थर** | **घरमुलीसंग को नाता** | **बाबु/आमाको नाम** | **पति/पत्नीको नाम** | **जन्म मिति** | **जन्म दर्ता मिति** | **विवाह मिति** | **विवाह दर्ता मिति** | **घर भएको/नभएको** | **जग्गाको क्षेत्रफल** | **कृषि उव्जनीबाट ३ महिना सम्म खान पुग्ने/नपुग्ने** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ( बालबालिकाको विवरण सहित ) | | | | | | | | घर भएको/ घर नभएको | रोपनी - आना/ कट्ठा - धूर- | खान पुग्ने/ खान नपुग्ने | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| | | | | | | | | | | | | |

- परिवारिक लगत तयार गर्ने तरिका : गाविस/नपाका सबै वडालाई तथ्याङ्क संकलन गर्न आउने समय र मितिको पूर्व जानकारी दिने । प्रत्येक वडामा सहभागीतात्मक ग्रामीण मूल्याङ्कन विधि अपनाई कार्यविधिको खण्ड ५,६,७ (अ)(आ) भित्र पर्ने घरमूलिहरुको नाम टिपोट गर्ने र तत्पश्चात घर घरमा गई यो फाराम भर्ने । यो फाराम भर्दा एकल परिवार भएमा परिवारका सदस्यहरुको जेष्ठता क्रम अनुसार बालबालिका सहितको विवरण भर्ने ।संयूक्त परिवारको सम्बन्धमा मूली सहित जेष्ठता क्रम अनुसार परिवारका सदस्य र तिनीहरुका बालबालिकाको विवरण स्पष्ट छुट्टीने गरी क्रमानुसार भर्ने । त्यसै गरी महल नं.१० भर्दा घर भएमा भएको र नभएकोमा नभएको जनाउने, ११ मा जग्गाको क्षेत्रफल उल्लेख गर्ने र जग्गा नभएको अवस्थामा नभएको जनाउने, १२ नं.महल भर्दा आफनो कृषि उव्जनीबाट ३ महीना खान पुग्ने, भए पुग्ने, नपुग्ने भए नपुग्ने भनी जनाउने ।

............................. ......................................

लगत तयार गर्ने कर्मचारी प्रमाणीत गर्ने गा.वि.स. सचिव/ नपा वडा सचिव

## अनुसुची २

**दलित वर्गमा सूचीकृत जात जातिहरुको जातीय सूची**

(क) **पहाडे मूल**

(१) गन्धर्व ( गाइने )

(२) परियार ( दमाई, दर्जी, सुचिकार, नगर्ची, ढोली, हुड्के )

(३) वादी

(४) विश्वकर्मा ( कामी, लोहार, सुनार, ओड चुनँरा, पार्की, टमटा )

(५) सार्की ( मिजार , चर्मकार, भूल )

**(ख) मधेशी मूल**

(क) कलर

(ख) कोरी

(ग) खत्वे ( मण्डल, खङ्ग )

(घ) चिडिमार

(ङ) तत्मा ( ताँती, दास )

(च) धोवी ( रजक ) हिन्दू

(छ) पासी

(ज) मूसहर

(झ) सरभंग ( सरवरिया )

(ञ) ककैहिया

(ट) खटिक

(ठ) चमार, मोची, हरिजन, रविदास

(ड) डोम ( मरिक )

(ढ) दुसाध ( पासवान, हजार )

(ण) पत्थरकट्टा

(त) बाँतर

(थ) मेस्तर  ( हलखोर )

## अनुसूची - ३

## बालसंरक्षण अनुदान पाउने लक्षित बालबालिकाको विवरण
## ( गाउँ विकास समिति/नपाको प्रयोजनका लागि )

गा.वि.स. जिल्ला

| क्र.सं. | बालबालिकाको नाम, थर | वडा/टोल/बस्ती | बाबुको नाम | आमाको नाम | संरक्षकको नाम | बाजेको नाम | जन्ममिति | जन्मदर्ता नं. | ५ वर्ष पुग्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

…………………… ………………………………………………………

विवरण तयार गर्ने :- विवरण प्रमाणित गर्ने गाविस सचिब/नपा वडा सचिब

मितिः-

द्रष्टव्यः अनुसूची १ को पारिवारीक लगतका आधारमा यो अनुसूची तयार गर्नु पर्नेछ।

**अनुसूची - ४**
**बालसंरक्षण अनुदान प्राप्त गर्ने बालबालिका विवरण**
**( गा.वि.स./नपाले जिविसमा पठाउन पर्ने प्रयोजनका लागि )**

गा.वि.स.......... जिल्लाः-

| **क्र. सं.** | **बालबालिकाकोनाम** | **वडा/टोल वासी** | **बाबुको नाम** | **आमाको नाम** | **संरक्षकको नाम** | **बालकको जन्म मिति** | **बालकको जन्म दर्ता नं.** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

विवरण तयार गर्ने
मिति :-

विवरण प्रमाणीत गर्ने
गा.वि.स.सचिब/कार्यकारी अधिकृत

दृष्टव्य :- अनुसूची ३ का आधारमा भर्ने ।

**बाल संरक्षण अनुदान प्राप्त अनुसूची ५ (अनुसूची ४ को एकीकृत स्वरुप)**
**बालबालिकाको संख्यात्मक विवरण**
( **प्रत्येक जि.वि.स.ले स्थानीय विकास मन्त्रालयमा पठाउने प्रयोजनका लागि** )

जिल्लाः-…………………… अञ्चल…………………

| **क्र.सं.** | **गा.वि.स./नपाको नाम** | **बालक संख्या** | **बालिका संख्या** | **आगामी श्रावण अघि ५ वर्ष पुग्नेको संख्या** | **आवश्यक रकम** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

…………………………
विवरण तयार गर्ने : विवरण प्रमाणित गर्ने
मिति :- स्थानीय विकास अधिकारी
द्रष्टव्य : अनुसूची ४ का आधारमा भर्ने

**अनुसूची - ६**

**बालसंरक्षण अनुदान प्राप्त गर्ने बालबालिकाको विवरण**

**( गाविस/नपाले रकम बुझाउन प्रयोग गरिने भरपाईको प्रयोजनको लागि )**

गा.वि.स. जिल्ला :

आ.व.

महिना :-

| क्र.सं. | बालबालिकाको नाम | आमाको नाम | संरक्षकको नाम | बुझेको रकम | दस्तखत र मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| | | | | | | |

.............

तयार गर्ने

मिति :-

......................................

प्रमाणीत गर्ने गा.वि.स.सचिब/नपा वडा सचिब

## अनुसूची - ७

## बाल संरक्षण अनुदान प्राप्त गर्ने बालबालिकाको विवरण
## ( गा.वि.स./न.पा.ले प्रगति पठाउने प्रयोजनको लागि )

गा.वि.स.:
चौमासिक : प्रथम /द्धितीय/तृतीय जिल्ला:
आ.व.:

| क्र.सं. | बालबालिकाको नाम र वडा नंम्बर | आमाको नाम | संरक्षकको नाम | बुझेको रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

................................ ..................................

तयार गर्ने विवरण प्रमाणित गन

मिति : - गा.वि.स.सचिब / कार्यकारी अधिकृत

**अनुसूची - ८**

**बाल संरक्षण अनुदान प्राप्त गर्ने बालबालिकाको विवरण -**
**(जि.वि.स.ले मन्त्रालयमा पठाउने प्रयोजनका लागि )**

जिल्ला :- आ.व.:

चौमासिक : प्रथम /द्धितीय/ तृतीय

| क्र.सं. | गाविस/नपाको नाम | बालसंरक्षण अनुदान पाउने वालबालिका | | जम्मा संख्या | रकम बुझेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | | | |
| | | | | | | |

.............................
तयार गर्ने

.................................
विवरण प्रमाणित गर्ने
स्थानीय विकास अधिकारी

मिति :-

# अनुसूची - ९

## बाल संरक्षण अनुदान प्राप्त गर्ने बालबालिकाको विवरण
## ( स्थानीय विकास मन्त्रालय, जिल्ला विकास समिति, नगरपालिका/गा.वि.स.ले पालना गर्नु पर्ने कार्ययोजनाको )

| क.सं. | क्रियाकलाप | श्रावण | भाद्र | असोज | कार्तिक | मार्ग | पौष | माघ | फाल्गुण | चैत्र | वैशाख | जेष्ठ | आषाढ. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय विकास मन्त्रालयले कार्यविधि तयार गर्ने | | | | | | | | | | | | |
| २ | मन्त्रालयको कार्यविधि जिल्लामा पठाउने नपा / | | | | | | | | | | | | |
| ३ | गा.वि.स.ले तथ्याङ्क संकलन गर्ने र जिविसमा विवरण पठाउने । | | | | | | | | | | | | |
| ४ | जिविसले विवरण मन्त्रालयमा पठाउने । | | | | | | | | | | | | |
| ५ | मन्त्रालयले जिविसलाई रकम निकाशा गर्ने । | | | | | | | | | | | | |
| ६ | नपा/गाविसले अनुदान वितरण गर्ने | | | | | | | | | | | | |